सुदूरपश्चिम प्रदेश सरकार

## टीकापुर अस्पताल

टीकापुर, कैलाली

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सम्पर्क फोन नं. ०९१-५६०४८८

***(दोश्रो पटक प्रकाशित मिति २०७९/०९/२९ गते)***

यस टीकापुर अस्पतालको ईण्डोरमा भर्ना हुने विरामीहरुका लागि खाद्यान्न (राशन) को ठेक्का आ.व. ०७९/८० को लागि बन्दोबस्त गर्न प्रदेश सरकारबाट प्राप्त बजेट (ब.श.हु.शि.नं. २११२२ चालु) अर्न्तगत भुक्तानी हुने गरी सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स फर्म/आपूर्तिकर्ता/व्यवसायीहरुले यो सूचना र सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित शर्तको अधिनमा रहि रित पूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१) इच्छुक सिलबन्दी दरभाउपत्रदाताले मिति २०७९/१०/१३ शुक्रबार कार्यालय समय भित्र लिखित निवेदन तथा नविकरण भएको राशन/खाद्यान्न आपूर्ति सम्बन्धि ईजाजतपत्र, फर्म सस्था वा दर्ता वा कम्पनि दर्ता प्रमाणपत्रहरु ,आ.ब. २०७७/०७८ को लागि करचुक्ता प्रमाणपत्र(म्याद थप सहित),मू.अ. कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,कार्यालय कोड ३५००२७७०२७,राजस्व शीर्षक न.१४२२९ को श्री रा.वा.बैक धनगढी शाखाको खाता न. १०००२०००१०००० मा रु.१,०००/- (अक्षेरुपी एक हजार) (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर सहित पेश गरी यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ।

२) खरिद गरेको सिलबन्दी दरभाउपत्र रितपूर्वक भरी मिति २०७९/१०/१५ आईतवार दिनको १२:०० बजे भित्र यस अस्पताललाई सम्बोधन गरी आपूर्ति गर्ने प्रस्ताव गरेको ठेक्का नं. समेत स्पष्ट खुलाई यस अस्पतालमा दर्ता गराइ सक्नुपर्नेछ। दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको दिउसो २:०० बजे सिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै सिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन।

३) सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलीपल्ट लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

४) जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक धनगढी स्थित श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी, कैलालीको हि.नं. ४१७०१००२०२०३०००० ख २ धरौटी खातामा यस अस्पतालको कार्यालय कोड नं.३५००२७७०२७ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट ७५(पचहत्तर) दिन मान्य अवधि भएको बैक ग्यारेन्टी (Bid Bond) सिलबन्दी दरभाउपत्र साथ अनिवार्य पेश भएको हुनु पर्नेछ।

५) कबोल गरेको अंकको अनुपातमा हुन आउने रकम उपरोक्त धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर वा मिति २०८० पौष मसान्तसम्म म्याद भएको नेपाल सरकारद्वारा मान्यता प्राप्त बैकको परफरमेन्स बण्ड पेस गर्नुपर्नेछ। साथै नगद जमानत राखेमा पछि बैंक ग्यारेन्टीमा परिणत गर्न पाईने छैन।

६) सिलबन्दी दरभाउपत्रदाताले आफूले पेश गर्ने ठेक्का नं. का प्रत्येक आईटमहरुमा कबोल गरेको दररेट (मु.अ.कर बाहेक) अंक र अक्षरमा केरमेट नगरी प्रष्टसंग उल्लेख गर्नुपर्नेछ,केरमेट वा ओभरराईट भएको स्थानमा दस्तखत र फर्मको छाप लगाएको हुनुपर्नेछ। अंक र अक्षरमा लेखेको दररेटमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ।

७) सिलबन्दी दरभाउपत्रदाताले शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ।

८) रित नपुगेको वा म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन।

९) सिलबन्दी दरभाउपत्र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धि कुनै कसुर सजाय नपाएको तथा कालो सूचीमा नपरेको स्वघोषणा पत्र सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। त्यस्तो स्वयं घोषणा सूचना प्रकाशन मिति पछिको हुनुपर्नेछ।

१०) सिलबन्दी दरभाउपत्र मुल्याङ्कन गर्दा अस्पतालले सलिगडी जाने बाहेक समानको नमुना माग गरी सो को आधारमा मुल्याङ्कन गर्न सक्नेछ।

११) आपूर्ति गरिने विरामी सिदा (राशन) गुणस्तरिय हुनुपर्नेछ।

१२) सिलबन्दी दरभाउपत्रको प्रतिस्पधामा छनौट भएमा ईण्डोरमा भर्ना भएका विरामीहरुलाई अस्पतालले तोकेको मेन्यु अनुसार गुणस्तरिय खाना पकाई, स्वच्छ तथा व्यवसायिक तरिकाले वितरण गरि तत्पश्चात सरसफाई कार्यहरु समेत गर्नुपर्नेछ।

१३) आपुर्ति गरिएको खाद्य सामाग्री वा तयार पारिएको खाना समयसमयमा अस्पतालको आन्तरिक टोली तथा खाद्य प्राविधिकद्धारा सिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा यस अस्पतालमा कार्यालय समयभित्र सम्पर्क राखि बुझ्न सकिनेछ।

१४) अस्पतालको आवश्यकता अनुसारका आईटमहरु पटक पटक गरी उपलब्ध गराउनुपर्ने छ।लागत अनुमान बमोजिमको खरिद ०७९।०८० को सम्झौता मिति देखि मिति २०८० पौष मसान्त सम्म हुनेछ र सो अवधिमा मुल्यवृद्धि गर्न नपाईनुको साथै लागत अनुमान थपघट हुनसक्ने छ।

१५) माथि उल्लेखित शर्त वाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

**ठेक्का बिबरण**

| सि.न. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | TH/Kailali/SQ/GOODS/11/2079-080 | विरामीहरुको लागि खाद्यान्न आपूर्ति तथा वितरण कार्य | ३८०००।- | १०००।- | |

## टीकापुर अस्पताल
## टीकापुर, कैलाली

**मलवारा दैनिक** प्रकाशनका लागि **अध्यक्षः** *धनसिँह साउँद,* **प्रकाशक/सम्पादकः** *दिपेन्द्र राज भण्डारी,*/**कार्यालयः** टीकापुर न.पा. वार्ड नं. १, ब्लक नं. १४, टीकापुर, फोन नं. ०९१-५६१२३५, मो. ९८५८४२७६००/९८४८४२९७६७ Email: malawaradainik@gmail.com,**मुद्रकः अभिनव अफसेट प्रेस, टीकापुर,कैलाली**